# जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट आ.व. २०७४/७५ मा सम्पादन भएका कार्यहरु

**क. प्रशासन शाखा**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७४/०७५) | आ.व. २०७३/०७४ | कैफियत |
|---|---|---|---|---|
| १ | संस्था दर्ता | ६० | ६६ | |
| २ | नावालक परिचयपत्र | १६० | १३१ | |
| ३ | विवाह दर्ता | ३६ | २७ | |
| ४ | उजुरी तथा गुनासो | २५० | २४६ | |
| ५ | पत्रपत्रिका दर्ता | ५ | ५ | |
| ६ | छापाखाना दर्ता | - | - | |
| ७ | विविध सिफारिस | ९४४ | १,३१५ | |
| ८ | तिव्वती शरणार्थीको परिचयपत्र नविकरण | - | - | |
| ९ | शरणार्थीको लागि यात्रा अनुमती पत्र सिफारिस | - | - | |
| १० | हातहतियार नविकरण | २५ | २१ | |
| ११ | हातहतियार नामसारी | - | - | |
| १२ | भू.पु. सैनिक पेन्सन (सिफारिस) | ३० | १६ | |

**ख. नागरिकता शाखा**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७४/०७५) | आ.व. २०७३/०७४ | कैफियत |
|---|---|---|---|---|
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | १६,७६७ (पुरुष : ७६८५, महिला: ९०८२) | १५,३३६ | |
| २ | प्रतिलिपि नागरिकता वितरण | ८,१७३ | ६,२७८ | |
| ३ | बैवाहिक अंगिकृत नागरिकता वितरण | १४ | १२ | |
| ४ | प्र.जि.अ.ले दिने अंगिकृत नागरिकता वितरण | ३ | - | |
| ५ | पुरानो नागरिकता अभिलेखिकरण | १०,१३८ | ५८,६६६ | |

**ग. राहदानी शाखा**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७४/०७५) | आ.व. २०७३/०७४ | कैफियत |
|---|---|---|---|---|
| १ | साधारण सिफारिस | ५६८७ | ५,६४३ | |
| २ | द्रुत सिफारिस | ४५६३ | ५,७०१ | |
| ३ | राहदानी वितरण | ४९९७ | ५,३४५ | |
| ४ | वितरण हुन बाँकी राहदानी | ६९० | २९८ | |

**घ. लेखा शाखा (राजश्व तर्फ)**

| क्र.सं. | कार्यको विवरण | संख्या/रकम (आ.व. २०७४/०७५) | आ.व. २०७३/०७४ | कैफियत |
|---|---|---|---|---|
| १ | संस्था दर्ता (नवीकरण सहित) | ४,३१,५०५/- | रु. ३,६८,७८०/- | |
| २ | हातहतियार (नविकरण, नामसारी) | ४२,६५०/- | रु. २९,६३२।५० | |

प्रक बहादुर बुढा
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ३ | राहदानी दस्तुर | २,९६,९०,०००/- | रु. २,९९,९२,५००/- | |
| ४ | अन्य प्रशासनिक दस्तुर | १,०३२/- | रु. १,०१,०००/- | |
| ५ | प्रशासनिक दण्ड जरिवाना | २८,०३,५८७/- | रु. ११,४०,३८७/- | |
| ६ | न्यायिक दण्ड, जरिवाना र जफल | - | - | |
| ७ | परीक्षा दस्तुर | ३,१००/- | - | |
| ८ | बेरुजु असुली | ३,४४६/- | - | |
| ९ | धरौटी | ६०,२४,९८९।०७ | रु. ५८,२०,२०५।०७ | |
| १० | दैवी प्रकोप (आगजनी, चट्याङ, वर्षा) | १,७०,१३,८६४/- | रु. १३,८३,५००/- | |
| ११ | दैवी प्रकोप (भूकम्प पीडित) (न्यानो कपडा) | - | रु. ३०,०००/- | |
| १२ | द्वन्द्व पीडित (अपाङ्गता भएकालाई जीवन निर्वाह भत्ता) | ८,२८,०००/- | रु. ८,२८,०००/- | |
| १३ | द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता भएका | ६३,९०,०००/- | रु. ७,१२,५०,०००/- | |
| १४ | सडक दुर्घटनाको क्षतिपूर्ती वितरण | १,४०,००,०००/- | रु. १,९६,२५,०००/- | |
| १५ | वैदेशिक रोजगारीमा मृतक क्षतिपूर्ती वितरण | १२,६९,२९५।९० | रु. ३४,५३,६७३/- | |
| **कार्यालय तर्फ** | | | | |
| १ | पूँजीगत तर्फ कूल खर्च | ७१,३५,६४८/- | रु. ७,५९,९४६/- | |
| २ | चालु तर्फ कूल खर्च | १,७९,२३,७१२।४८ | रु. १,८०,७४,१९७।५० | |

**ङ. मुद्दा शाखा**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७४/०७५) | आ.व. २०७३/०७४ | कैफियत |
|---|---|---|---|---|
| १ | हातहतियार | १४ | ३ | |
| २ | केही सार्वजनिक अपराध | ४२२ | ३२९ | |
| ३ | कालो बजारी | ५ | ३ | |
| ४ | खाद्य | ३३ | २ | |
| ५ | क्षतिपूर्ती | ४ | ३ | |
| **यस आ.व. को जम्मा दर्ता** | | ४३१ | ३२७ | |
| **गत आ.व. को जिम्मेवारी सरी आएको संख्या** | | ४७ | १३ | |
| **यस आ.व. मा फछर्यौट भएको संख्या** | | ४२३ | २९३ | |
| **फैसला हुन बाँकी मुद्दाको संख्या** | | ५५ | ४७ | |

**च. खाद्य तथा गुणस्तर सम्बन्धी अनुगमन तथा नियमन**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७४/०७५) | आ.व. २०७३/०७४ | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्य नमूना संकलन | १२ | ११ | |
| २ | खाद्य सम्बन्धी मुद्दा दायर | ३३ | २ | |

**छ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७४/०७५) | आ.व. २०७३/०७४ | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्यान्न, होटल र अन्य विविध | २० पटक | ३४९ (२२ पटक) | विभिन्न होटल, रेष्टुरेन्ट, |

चक्र बहादुर बुढा
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | | | किराना पसल, वीउबीजन तथा किटनाषक औषधी पसल, फलफूल तथा तरकारी पसल, विभिन्न मेडिकल ल्याबहरु, मिठाई पसल, दैनिक उपभोग्य वस्तु विक्री गर्ने पसल, माछामासु पसल, हार्डवेयर पसल, पेय पदार्थ डिलर आदि । |

**ज. कार्यालय अनुगमन**

| क्र.सं. | कार्यको विवरण | संख्या (आ.व. २०७४/०७५) | आ.व. २०७३/०७४ | कैफियत |
|---|---|---|---|---|
| १ | हाजिरी रजिष्टर, पोशाकको छड्के जाँच | - | १० पटक (२५ वटा विभिन्न कार्यालयहरु) | |

प्रक बहादुर बुढा
प्रमुख जिल्ला अधिकारी

# अन्य महत्वपूर्ण कार्यहरु

सेवा प्रवाह सम्बन्धी

- सेवा प्रवाहलाई सहज बनाउनका लागि वैदेशिक रोजगार परामर्श तथा नागरिक सहायता कक्ष स्थापना गरिएकोमा सो मार्फत प्रभावकारी ढंगले परामर्श दिने कार्य भइरहेको ।
- सेवाग्राहीलाई सेवा लिन सजिलो होस् भन्नका लागि सेवा लिंदा लाग्ने शूल्क, गुनासो सुन्ने तथा सूचना अधिकारी र सेवा लिन सम्पर्क गर्ने कोठा जस्ता जानकारी भएका विवरणहरु कार्यालय परिसरको विभिन्न स्थानमा राखिएको ।
- सेवा प्रवाहलाई जनताको घरदैलोसम्म पुर्याउने उद्देश्यले यस कार्यालयबाट थाहा नगरपालिका र कैलाश गाउँपालिकाको समन्वयमा थाहा नगरपालिकाको सबै वडा र कैलाश गाउँपालिकाको वडा नं१ ., २, ५ र ६ लाई लक्षित गरी थाहा नगरपालिकाको पालुङस्थित विकास घरमा मिति २०७५ बैशाख २१, २२ र २३ गते नागरिकता वितरण घुम्ती शिविर संचालन गरिएको । उक्त घुम्ती शिविरमा जम्मा १२५० वटा वंशजको नेपाली नागरिकता प्रमाणपत्र वितरण गरिएको, जसमध्ये पुरुष ४७४ र महिला ७७६ रहेको ।
- कार्यालयको काम कारवाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक, वेबसाइट, इमेल जस्ता विद्युतीय माध्यमहरुलाई नियमित अद्यावधिक गरी कार्यालयका गतिविधीहरु प्रवाह गर्ने गरिएको । विद्युतीय माध्यमबाट नै गुनासो सुन्ने व्यवस्था मिलाइएको ।
- कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई लक्षित गरी यस कार्यालयसँग सम्बन्धित विविध जानकारी र सूचनाहरुकासाथै इन्टरनेट मार्फत उपलब्ध अन्य जानकारीमूलक विषयवस्तुहरुमा सहज पहुँच होस् भन्ने उद्देश्यकासाथ मिति २०७५ जेठ ८ गतेदेखि यस कार्यालय परिसरमा Free Wi-Fi को व्यवस्था मिलाइएको ।
- कार्यालयबाट प्रवाह हुने सेवा सुविधा सम्बन्धी जानकारी स्थानीय जनमानससम्म पुर्याउन र सुशासनलाई प्रवर्द्धन गर्न जिल्ला प्रशासन कार्यालय, मकवानपुरको मोबाइल एप निर्माण कार्यलाई आगाडि बढाउन पहल गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा सुनुवाई हुने मुद्दाहरुमा मुद्दाको प्रकृति हेरी निरन्तर सुनुवाईको व्यवस्था गरी छिटो छरितो ढंगले फैसला गर्ने व्यवस्था मिलाइएको ।
- संघ संस्था दर्ता गरी मठ मन्दिर, सामुदायिक भवन खेल मैदान जस्ता कार्यको नामबाट जग्गा अतिक्रमण गरी अनधिकृतरुपमा संरचनाहरु बनाउने प्रवृत्ति देखिएकोले जग्गा आवश्यक पर्ने क्रियाकलाप संचालन गर्न दर्ता हुने संघ संस्था दर्ता गर्दा जग्गाको भोगाधिकार यकिन गरेर मात्रै संस्था दर्ता गर्ने व्यवस्था मिलाइएको ।
- कार्यालयबाट दर्ता हुने सबै संघ संस्थामा "वन तथा सार्वजनिक जग्गा अनधिकृत प्रयोग नगर्ने गरी" भन्ने शर्त प्रमाणपत्र मै उल्लेख गर्ने गरिएको ।

कार्यालय व्यवस्थापन सम्बन्धी

- कार्यालयका विभिन्न फाँटमा रहेका पुराना फर्निचरहरु फेरी नयाँ प्रतिस्थापन गरिएको । सेवाग्राहीहरु विशेष गरी अपाङ्गता भएका, जेष्ठ नागरिक तथा अशक्त महिलाहरुका लागि सेवा लिंदासम्म बस्ने व्यवस्थाको विशेष प्रवन्ध गरिएको ।

चक्र बहादुर बुढा
प्रमुख जिल्ला अधिकारी

- कार्यालय परिसरमा सेवाग्राहीहरुका लागि स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाइएको ।
- कार्यालयमा आउने सेवाग्राहीहरुका लागि स्वच्छ र सफा महिला पुरुष अलग-अलग शौचालयको व्यवस्था मिलाइएको ।
- वातावरण दिवसको उपलक्ष्यमा कार्यालय परिसरमा सरसफाई तथा विविध प्रजातिका फलफूलका विरुवा रोपिएको ।

अन्य

- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ शान्तिपूर्ण रुपमा सम्पन्न गरिएको ।
- विपद् व्यवस्थापनका लागि मनसुन आपत्कालीन योजना, २०७५ तयार गरिएको ।
- सूचनाको हक प्रवर्द्धन गर्न सबै कार्यालयहरुमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइएको । साथै राष्ट्रिय सूचना आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसार सूचना स्वःप्रकाशन गर्ने र माग गर्दा उपलब्ध गराउने सम्बन्धी आदेश जिल्लास्तर सबै कार्यालयहरुमा जारी गरिएको र सो बमोजिम भए नभएको मूल्याङ्कन गर्न समिति बनाई अनुगमन गर्ने व्यवस्था मिलाइएको ।
- जिल्ला स्थित कार्यालयहरुले संचालन गर्ने विकास आयोजनाहरुको पूँजीगत खर्च बढाउन तथा गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो पक्ष (Third party) सहित विविध सरोकारवाला निकायहरु सम्मिलित संयुक्त अनुगमन (Joint Monitoring) को व्यवस्था मिलाइएको ।
- जिल्लामा हुने विभिन्न विकास निर्माणका कार्यहरुमा समन्वय तथा सहजीकरण गरिएको ।
- उपभोक्ता जागरण/सचेतना कार्यक्रम तथा बजार अनुगमन सम्बन्धमा सरोकारवाला सबै पक्षहरुसँग छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न । बैठकमा बजार अनुगमनलाई प्रभावकारी बनाउन "संयुक्त बजार अनुगमन कार्ययोजना" समेत तयार गरिएको ।
- लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस विविध क्रियाकलापहरु आयोजना गरी मनाइएको । लागू औषध अपराध सम्बन्धी प्रोफाइलको ड्रफ्ट तयार गरिएको ।
- विभिन्न सरोकारवाला निकायहरुको उपस्थितिमा जिल्लाको थाहा न.पा.मा मिति २०७५-०३-०९ गते उपभोक्ता हित सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- विभिन्न औद्योगिक प्रतिष्ठान, वन विज्ञान अध्ययन संस्थान तथा अन्य विभिन्न निकाय र संघसंस्थाका श्रम लगायत विभिन्न विवादहरु सरोकारवालाहरुसँगको सहजीकरण गरी संवोधन गरिएको ।

चक्र बहादुर बुढा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर